
# अलपत्र चौँतिस योजनाको निर्माण सुरु



तस्बिर : अनिल पराजुली

**हेटौँडा–१ स्थित राप्तीखोलामा निर्माणाधीन लालझाडी जोड्ने पुल ।**

**हेटौँडा समाचारदाता**
*हेटौँडा, वैशाख १९ गते*

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत लामो समयदेखि अलपत्र अवस्थामा रहेका योजनामध्ये ३४ वटाको निर्माण पुनः सुरु भएको छ।

कुल ४३ वटा रुग्ण योजनामध्ये अधिकांशमा काम अघि बढाइएको मन्त्रालयले जनाएको छ । मन्त्रालयको 'रुग्ण आयोजना पहिले सक्ने' नीति अनुसार पूर्वाधार विकास कार्यालय मकवानपुर अन्तर्गत पर्ने विभिन्न योजनाले गति लिन थालेका हुन् । मकवानपुर गढीको सामरी, सिक्रे दोभान, लालझाडी पुल तथा राप्ती कोरिडोरलगायतका आयोजना पुनः सञ्चालनमा आएका छन्।

हेटौँडा उपमहानगरपालिका–६ र ७ जोड्ने भाङटार खहरेखोलाको बक्सपुल निर्माण अन्तिम चरणमा पुगेको छ । उपमहानगरपालिकाले सुरु गरेको तर अधुरो रहेको उक्त पुल प्रदेश सरकारले करिब एक करोड ७९ लाख रुपियाँ विनियोजन गरेपछि सम्पन्न हुने अवस्थामा पुगेको हो। करिब १८ मिटर लम्बाइ र ८.४० मिटर चौडाइ रहेको पुलमा रेलिङ राख्ने काम मात्रै बाँकी रहेको छ।

त्यसै गरी डिजाइन समस्याका कारण सुस्त बनेको हेटौँडा–१ स्थित राप्तीखोलामा लालझाडी जोड्ने पुलको निर्माण पनि तीव्र गतिमा अघि बढेको छ। तीनमध्ये दुई स्पानको ढलान सम्पन्न भइसकेको छ भने तेस्रो स्पानको काम सुरु हुने तयारीमा रहेको जनाइएको छ। हालसम्म ५९ प्रतिशत भौतिक प्रगति भएको उक्त पुलको लागत करिब नौ करोड ३२ लाख रहेको छ।

चौकीटोलदेखि राप्ती पुलसम्मको २.३४ किलोमिटर राप्ती कोरिडोर निर्माण पनि डिजाइन र सीमा विवाद समाधानपछि तीव्र गतिमा भइरहेको छ। आयोजनाको हालसम्म ६३ प्रतिशत भौतिक प्रगति भएको छ । यसै गरी हेटौँडा–१७ र १८ जोड्ने करखोलाको पुल ८८ प्रतिशत सम्पन्न भएर पनि अदालती प्रक्रियाका कारण रोकिएकोमा अब विवाद समाधान भएसँगै काम पुनः सुरु हुने भएको छ।

चक्रपथ परियोजना अन्तर्गत हेटौँडा–१४ र १५ को खहरेक्षेत्रमा ढलान, फुटपाथ र ग्याबियन वाल निर्माण कार्य भइरहेको छ । हालसम्म उक्त योजनाको भौतिक प्रगति ३८ प्रतिशत पुगेको छ । भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देवकोटाले योजना तोकिएको समयसीमाभित्र सम्पन्न गर्न निर्देशन दिँदै रोकिएका आयोजना तत्काल अगाडि बढाउन सम्बन्धित निकायलाई आग्रह गर्नुभएको छ। उहाँले आवश्यकता अनुसार कामदार थपेर निर्माण कार्यलाई गति दिन निर्माण व्यवसायीलाई समेत निर्देशन दिनुभएको छ।

# बुद्धजयन्तीमा सरसफाइ

**मनहरी समाचारदाता**
*मनहरी (मकवानपुर) वैशाख १९ गते*

हरेक वर्ष वैशाख पूर्णिमामा शान्तिको कामनासहित संयुक्त रूपमा र्‍याली निकाल्ने गरिएकोमा यस वर्ष पश्चिम मकवानपुरका विभिन्न गुम्बामा फरक फरक कार्यक्रम भएका छन्।

मनहरी गाउँपालिका– ७ स्थित मनहरी बजारमा रहेको साङ्ग छोयफेल गुम्बासहित अन्य गुम्बाका विधिपूर्वक पूजा आराधना गरी बुद्धजयन्ती मनाइरहँदा बुद्धशान्ति हरित पार्कपरिसरमा भने सरसफाइ गरिएको छ । मनकामना सामुदायिक वन उपभोक्ता समूहको आयोजना तथा व्यवस्थापनमा बुद्धशान्ति हरित पार्क क्षेत्रमा झाडी सफाइको काम गरिएको हो।

समूहका अध्यक्ष सुरेश मोक्तानका अनुसार सब डिभिजन वन कार्यालय मनहरी, मनकामना सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ता, साङ्ग छोयफेल गुम्बा, स्थानीय टोल विकास संस्था, युनिभर्सल लर्निङ एकेडेमीका विद्यार्थीसहितको सहभागितामा झाडी सफाइ गरिएको हो।

बागमती प्रदेश सरकार र स्थानीय सरकारको लगानीमा निर्मित बुद्धशान्ति हरित पार्क थकाइ मार्ने र हरियाली वातावरणमा रम्न चाहनेका लागि गन्तव्यको रूपमा विकास हुँदै आएको छ।

# 'वनलाई उपयोग र समृद्धिसँग जोड्नु पर्छ'

**चरीकोट समाचारदाता**
*चरीकोट, वैशाख १९ गते*

बागमती प्रदेशका वन तथा वातावरणमन्त्री भरतबहादुर केसीले वनलाई केवल संरक्षणमा मात्र सीमित नराखी 'उपयोग र समृद्धि' सँग जोड्नुपर्ने बताउनुभएको छ। दोलखाको चरीकोटमा आयोजित आर्थिक वर्ष २०८३/८४ को योजना तर्जुमा तथा छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री केसीले वनक्षेत्रलाई आर्थिक उत्पादनको माध्यम बनाउनुपर्नेमा जोड दिनुभएको हो।

विगतमा नाङ्गा डाँडामा वन जोगाउन लिइएको नीति सफल भइसकेको उल्लेख गर्दै मन्त्री केसीले अब हुर्किएको वनलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गरी राज्य र जनतालाई लाभ हुने गरी उपयोग गर्नुपर्ने बताउनुभयो। उहाँले वन धेरै बाक्लो हुँदा रुखहरूको वृद्धि रोकिने भएकाले छनोट कटानी र जिरो वन व्यवस्थापन जस्ता प्राविधिक विधि अपनाएर वनको उत्पादकत्व बढाउने सरकारको योजना रहेको जानकारी दिनुभयो।

वन अधिकृत र स्थानीय उपभोक्ताबिच हुने असमझदारी हटाउन स्पष्ट कानुनी मापदण्ड बनाइएको उहाँले बताउनुभयो । "अबका दिनमा विज्ञान तथा प्रविधिको प्रयोग गरी 'खडा रुख' नै लिलाम गर्न पाउने व्यवस्थाले व्यापारीलाई मुनाफा र सामुदायिक वनलाई आर्थिक सहजता हुने छ", उहाँले भन्नुभयो।

उहाँले निजी जग्गामा रहेका सालका रुख उपयोग गर्न पाउने र पुराना काठे घर भत्काउँदा निस्कने काठ स्थानीय सरकारको सिफारिसमा ढुवानी गर्न पाउने गरी झन्झटिला कानुनी अड्चन फुकाइएको समेत स्पष्ट पार्नुभयो । मन्त्री केसीले वन मन्त्रालयले वातावरण संरक्षणका साथै विकास निर्माणका आयोजना, विशेष गरी हाइड्रोपावरका लागि आवश्यक पर्ने वातावरणीय प्रक्रियालाई तीव्रता दिएको बताउनुभयो । वन ऐन संशोधनको प्रक्रिया मन्त्रीपरिषद्बाट अगाडि बढिसकेको जानकारी दिँदै उहाँले स्थानीयस्तरका आयोजनामा रुख कटानका कारण हुने अवरोधलाई नयाँ संशोधनले सम्बोधन गर्ने प्रस्ट पार्नुभयो।

# स्थानीय तहले सार्वजनिक जग्गा खोज्दै

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, वैशाख १९ गते*

सिन्धुली जिल्लामा स्थानीय तहले सरकारी तथा सार्वजनिक जग्गा खोज्न सुरु गरेका छन् । जिल्ला प्रशासन कार्यालयको परिपत्रपछि जिल्लाभरका स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र रहेका यस्ता जग्गाको खोजी तथा विवरण सङ्कलन कार्य अघि बढाएका हुन्।

जिल्लाका नौ स्थानीय तहमध्ये कमलामाई नगरपालिका, दुधौली नगरपालिका र तीनपाटन गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै सरकारी तथा सार्वजनिक जग्गाको पहिचान तथा अतिक्रमणको अवस्था यकिन गर्न प्रक्रिया सुरु गरिसकेका छन्। अन्य पालिकाले पनि सोही अभियानमा जुट्ने तयारी गरिरहेका छन्।

नेपाल सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैद्य कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने भन्ने रहेकाले सोहीबमोजिम त्यस्ता जग्गाको विवरण माग गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। तीनपाटन गाउँपालिकाले वैशाख १७ गते सबै वडा कार्यालयलाई पत्राचार गर्दै वडा क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको विवरण यथाशीघ्र पठाउन निर्देशन दिएको छ। गाउँपालिकाका अध्यक्ष कर्णबहादुर मगरका अनुसार अतिक्रमण भए/नभएको यकिन गरी अतिक्रमित जग्गाको पहिचान र त्यसको व्यवस्थापनका लागि आवश्यक विवरण सङ्कलन गरिँदै छ।

गाउँपालिकाले चकमके, बाहुनतिल्पुङ, मझुवादोभान, खोरभन्ज्याङ र शाखामाडीको सिसौघारीलगायतका बजार क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण भएको जनाएको छ । वडा कार्यालयलाई जग्गाको क्षेत्रफल, स्थान, अतिक्रमणको प्रकृति र संलग्न व्यक्ति वा संस्थासहितको विवरण उपलब्ध गराउन अनुरोध गरिएको गाँउपालिका अध्यक्ष मगरले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "उक्त जग्गाको खोजी र विवरण सङ्कलन गर्न गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयमार्फत स्थानीय तहलाई पत्राचार भएपछि हामीले पनि वडा कार्यालयलाई पत्राचार गरेका छौँ।"

दुधौली नगरपालिकाले पनि वैशाख १७ गते सार्वजनिक सूचना जारी गर्दै सरकारी तथा सार्वजनिक जग्गामा निर्माण गरिएका अवैध संरचना १५ दिनभित्र हटाउन निर्देशन दिएको छ । नगरपालिकाका प्रशासन शाखा प्रमुख मल्लब अधिकारी दनुवारका अनुसार कसैले त्यस्ता संरचना निर्माण गरेको भए सम्बन्धित वडा वा नगरपालिकामा जानकारी गराउन अनुरोध गरिएको छ ।कमलामाई नगरपालिकाले पनि कार्यपालिका बैठकबाट समेत निर्णय गरी सार्वजनिक तथा सरकारी जग्गामा बनेका अवैध संरचना हटाउन ३५ दिने सूचना जारी गरेको छ। प्रमुख प्रशासकीय अधिकृत किरणनिधि तिवारीका अनुसार तोकिएको समयभित्र सम्बन्धित व्यक्तिले स्वयम् संरचना नहटाएमा नगरपालिकाले कानुनी प्रक्रिया अनुसार हटाउने छ।

नगरपालिकाले सडक, नदी क्षेत्र, सार्वजनिक स्थल, बसपार्क, हाटबजार तथा विद्यालय परिसर जस्ता क्षेत्रमा निर्माण गरिएका संरचनालाई विशेष प्राथमिकतामा राखेको जनाएको छ। २०७२ सालको भूकम्पपछि 'रेड जोन' मा परेका संरचना बढी जोखिममा रहेकाले त्यस्ता संरचनालाई पनि लक्षित गरी सूचना जारी गरिएको प्रमुख प्रशासकीय अधिकृत तिवारीले बताउनुभयो।

# पाँच वर्षसम्म आएन राष्ट्रिय परिचयपत्र

**केदार तिमल्सिना**
*बनेपा, वैशाख १९ गते*

राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिएका सर्वसाधारणले पाँच वर्ष पूरा हुँदासम्म राष्ट्रिय परिचयपत्र पाउन सकेका छैनन्। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले पाँच वर्षसम्म पनि राष्ट्रिय परिचयपत्र दिन नसकेपछि जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्र खोजी गर्नेको सङ्ख्या बढ्दो रहेको छ।

काभ्रेपलाञ्चोक जिल्लामा विसं २०७७ असार ७ गतेबाट जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन गरिएको थियो। यस्तै फागुन महिनाबाट जिल्लाका १३ वटै स्थानीय तहमा अभियान सञ्चालन गरी राष्ट्रिय परिचयपत्रको लागि विवरण सङ्कलन गरिएको थियो। काभ्रेपलाञ्चोकका सहायक प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद गुरागाईंले जिल्लामा हालसम्म पनि स्थानीय तहमा अभियान सञ्चालन गरी राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन गरिएका नागरिकको परिचयपत्र प्राप्त हुन नसकेको बताउनुभयो। "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट हालसम्म कार्यालयमा विवरण सङ्कलन गरिएका करिब ५० हजार थान राष्ट्रिय परिचयपत्र प्राप्त भएको छ, स्थानीय तहमा अभियान सञ्चालन गरेर विवरण सङ्कलन गरिएका नागरिकको भने परिचयपत्र आएको छैन" सहायक प्रमुख जिल्ला अधिकारी गुरागाईंले भन्नुभयो। उहाँले कार्यालयमा प्राप्त भएको परिचयपत्रमध्ये करिब २५ हजार परिचयपत्र वितरण भइसकेको बताउनुभयो। उहाँले स्थानीय तहमा अभियानमा विवरण सङ्कलन गरिएका नागरिकको परिचयपत्रका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा ताकिता गरिएको बताउनुभयो।

जिल्लामा पहिलो चरणमा २०७७ फागुनदेखि २०७८ भदौसम्म र दोस्रो चरणमा २०८२ वैशाखदेखि भदौसम्म अभियान सञ्चालन गरेर राष्ट्रिय परिचयपत्रका लागि स्थानीय तहमा विवरण सङ्कलन गरिएको थियो। जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकका अनुसार दुई चरणमा सङ्कलन गरिएको विवरण अन्तर्गत जिल्लामा दुई लाख ३३ हजार ८७६ नागरिकले राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सकेका छैनन् । अभियानमा विवरण सङ्कलन गराएका रोसी गाउँपालिकाका १३ हजार ३१४ जना, खानीखोलाका पाँच हजार ३३४ जना, महाभारत गाउँपालिकाका आठ हजार ६९ जना, बेथानचोक गाउँपालिकाका १० हजार २७० जना, भुम्लु गाउँपालिकाका १० हजार ४५९ जनाले राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सकेका छैनन् । यस्तै चौरीदेउराली गाउँपालिकाका आठ हजार ३१५ जना, तेमाल गाउँपालिकाका नौ हजार २६४ जना, नमोबुद्ध नगरपालिकाका १९ हजार २० जना, धुलिखेल नगरपालिकाका १८ हजार ३५८ जनाले परिचयपत्र पाउनबाट वञ्चित भएका छन्।

त्यसै गरी जिल्लाको मण्डनदेउपुर नगरपालिकाका १८ हजार ३३१ जना, पाँचखाल नगरपालिकाका २२ हजार ९४७ जना, पनौती नगरपालिकाका ३१ हजार ३५ जना र बनेपा नगरपालिकाका ३० हजार १९२ नागरिकले पाँच वर्ष पूरा हुँदासमेत राष्ट्रिय परिचयपत्र पाउन सकेका छैनन्। यस्तै पहिलो चरणमा जिल्ला प्रशासन कार्यालयमा २८ हजार ९६८ जनाले विवरण सङ्कलन गराएका थिए।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक तथा सूचना अधिकारी निराजन श्रेष्ठले प्रशासन कार्यालयमा लाइभ विवरण सङ्कलन र स्थानीय तहमा सञ्चालन गरिएको अभियानमा अफलाइन विवरण सङ्कलन गरिएको बताउनुभयो । उहाँले प्रशासनमा लाइभ विवरण सङ्कलन गरिएकोले परिचयपत्र छिटो आएको बताउनुभयो । उहाँले हाल दैनिक चार हजार थान राष्ट्रिय परिचयपत्र छपाइको काम भइरहेको बताउँदै अहिले स्थानीय तहमा विवरण सङ्कलन गरिएका नागरिकलाई प्राथमिकता दिएर परिचयपत्र छपाइ गर्ने काम भइरहेको बताउनुभयो।

# पहिरोले तातोपानी नाका सडक बन्द

**सिन्धुपाल्चोक समाचारदाता**
*सिन्धुपाल्चोक, वैशाख १९ गते*

केही दिनदेखि भइरहेको सामान्य वर्षाका कारण तातोपानी नाकास्थित कोदारी राजमार्ग पाँच दिनदेखि पूर्ण रूपमा बन्द भएको छ। नाकाको एक किलोमिटर दुरीमा इको पहिरोले नाका सडक पूर्ण रूपमा बन्द भएको हो। इको पहिरो क्षेत्रमा सडक भासिएर भोटेकोशी नदीमा मिसिएकाले मालवस्तु बोकेका कन्टेनरलगायत सम्पूर्ण यातायातका साधन पूर्ण रूपमा बन्द भएका छन् । इको पहिरो विगत वर्षदेखि नै निरन्तर झर्ने र सामान्य वर्षाले पनि सडक भासिँदै आएको छ।

पाँच दिनदेखि सडक बन्द हुँदा चीनबाट तातोपानी नाका हुँदै तातोपानी भन्सार कार्यालयमा जाँचपासका लागि आउन थालेका कन्टेनरका फलफूलजन्य सामान कुहिन थालेको नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका सदस्य शारदाप्रसाद पराजुलीले जानकारी दिनुभयो। चीनबाट यस क्षेत्रमा आइपुगेका दर्जन बढी कन्टेनरमा रहेका स्याउ, लत्ताकपडा, विद्युतीय सामग्रीलगायतका सामान बाटोमै रोकिएका छन्।

इको पहिरो खुलाउन ठुला मेसिन प्रयोग गर्नुपर्ने भएको छ । इको पहिरोबाट लेदो आइरहेको छ भने तलबाट सडक भासिँदै गएको छ । ठुला मेसिन प्रयोग गरेर इको पहिरो खुलाएमा पहिरो माथिका २५० भन्दा बढी घरधुरी, गुम्बा, विद्यालय, स्वास्थ्य चौकीलगायतका भौतिक संरचना बग्ने उच्च जोखिम रहेको भोटेकोशी गाउँपालिका–२ का वडाध्यक्ष कुमार श्रेष्ठले बताउनुभयो।पहिरोमाथिका बस्तीसंरचना जोगाउँदै बन्द सडक खुलाउन प्राविधिक टोली आवश्यक रहेका उहाँको भनाइ छ।



**सामान्य वर्षाले भासिएको तातोपानी नाकास्थित इको पहिरो क्षेत्र सडक ।**

सडक डिभिजन कार्यालय चरीकोटका अनुसार इको पहिरो नियन्त्रण गर्न सडकमुनि भोटेकोशी नदी किनाराबाट पिल्लर उठाउन सुरु गरिए पनि बिचमा काम रोकिएको थियो। पहिरो नियन्त्रण र सडक निर्माणका काम गर्ने चिनियाँ कम्पनीले हाललाई काम रोकेको सिन्धुपाल्चोक क्षेत्र नं. १ का सङ्घीय सांसद भरतप्रसाद पराजुलीले बताउनुभयो।

नेपाल सरकार,
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति, कालीमाटी, काठमाडौं**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**सूचना नं.** ४७/०८२/८३, **प्रकाशन मिति : २०८३।०१।२० गते**

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति अन्तर्गतको कृषि उपज बजार बालाजुमा तपसिलमा उल्लिखित निर्माण सुधार कार्यका लागि बोलपत्र आह्वान गरिएकोले मिति २०८३/०२/१९ गते दिउँसो १२.०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटः **www.bolpatra.gov.np/egp** बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT, PS and Contingencies) NRs. | Bid Security NRs. | Cost of the Bidding Document | Last Date and Time for Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1 | KFVMDB/NCB/ WORKS/47/2082/83 | Renovation works at Balaju Bajar | 20,00,991.85 | 60,000.00 | 3,000.00 | 2083-02-19 (June-02, 2026) 12:00 PM |

**Shree Rambilas Model Primary School**
**Brahampuri-2, Sarlahi**
**Invitation for E-Bids**
**Notice No.: RMS/NCB/WORKS/01/2082-83**
**Date of Publication: 2083/01/20 (03th may. 2026)**

1. Shree Rambilas Model Primary School Brahampuri Rural Municipality ward No-2 Sarlahi Invites Open Competitive Biddings (Electronics Bid Only) From Eligible Bidders for Following Work Under National Competitive Bidding Procedure. Only Eligible Bidders Should Participate in This Bidding:

| S. No. | Contract Number | Description of work | Estimate Amount in NRS (inclusive of Vat & PS) | Bid Security Amount (NRs) | Bid Security Validity Period | Price of Bid Document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | RMS/NCB/ WORKS/ 01/2081-82 | Construction Of School Building | **65,51,114.84** | 1,64,000.00 | 120 Days From The Deadline For Submission Of Bids | 3,000.00 | Rebid First date of publication : 2082/12/15 Intended completion Date : 2083/3/30 |

2. A Complete Set of Bidding Document Can be download from PPMO's E-GP System **www.bolpatra.gov.np/egp**. Bidders. Eligible Bidders May Obtain Further Information and Inspect The Bidding Documents At The Office Of Shree Rambilas Model Primary School Brahampuri-2, Sarlahi. (Contact Number 9844091351)
3. All the rights to accept or reject the bids are reserved to the of Shree Rambilas Primary School Brahampuri-2, Sarlahi with out specifying any reason.

**Principal**

**नेपाल विद्युत प्राधिकरण**
**जनसाधन विभाग**
(प्रकाशित मिति :२०८३।०१।२०)

**जेन–जी (Gen–Z) शहीदका परिवारले सम्पर्क गर्न आउने सूचना**

नेपाल राजपत्र (खण्ड ७५, अतिरिक्ताङ्क ३२, कात्तिक १७ गते, २०८२) मा प्रकाशित जेन–जी सुशासन योद्धा, २०८२ मा उल्लिखित शहीदहरूको सम्बन्धमा संवत् २०८२ साल भदौ २३ र २४ गतेको जेन–जी (Gen–Z) प्रदर्शन तथा आन्दोलनमा घाइते भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८२ को बुँदा नं.११ मा शहीद परिवारका सदस्यलाई रोजगारी सम्बन्धी व्यवस्था मिलाउने भन्ने व्यहोराका सम्बन्धमा नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको मिति २०८२/१०/२७ को पत्रसाथ तपसिलका व्यक्तिहरूले रोजगारीका लागि पेश गरेको निवेदन प्राधिकरणलाई प्राप्त भएको हुँदा शहीदका परिवारले प्राप्त गर्ने सुविधामा निजहरू बाहेक अरू कसैको हकदाबी लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र नेपाल विद्युत प्राधिकरण केन्द्रीय कर्मचारी प्रशासन शाखा, काठमाडौँमा निस्सा प्रमाण सहित सम्पर्क राख्नुहुन सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि.नं. | निवेदक | ठेगाना | शहीदको नाम | दाबी गरिएको नाता सम्बन्ध | नाता सम्बन्ध खुलेको कागजात |
|---|---|---|---|---|---|
| १. | रोजिता श्रेष्ठ | का.म.न.पा. १६ बनस्थली | सौरन किशोर श्रेष्ठ | श्रीमती | नाता खुलेको |
| २. | अम्बिका विश्वकर्मा | बेलका न.पा.४ उदयपुर | सन्तोष विश्वकर्मा | श्रीमती | नाता खुलेको |
| ३. | सुमित्रा महत | चौतारा साँगाचोकगढी न.पा. सिन्धुपाल्चोक | उमेश महत | दिदी | नाता खुलेको कागजात पेश नभएको |
| ४. | सितल पौडेल | हिलिहाङ गाउँपालिका | कमल भण्डारी | श्रीमती | नाता खुलेको |
| ५. | मौसम कुलुङ | सङ्खुवासभा सिलिचोङ गा.पा.–३ | प्रविण कुलुङ | भाइ | नाता खुलेको कागजात पेश नभएको |
| ६. | पार्वती अधिकारी | लालबन्दी–५, सर्लाही | देव कुमार सुवेदी | श्रीमती | नाता खुलेको |
| ७. | हेमन्ती विष्ट | दुर्गाथली गा.पा.–ब बझाङ | भिमराज धामी | श्रीमती | नाता खुलेको |
| ८. | मञ्जु पौडेल | लमजुङ | अनिष पराजुली | श्रीमती | नाता खुलेको |